## सम्वत् २०८२ साल कार्तिक १६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेस भएको "शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र सञ्चालन कार्यविधि, २०८२" स्वीकृति गर्ने।

२. पर्यटन कार्यालय (काँकडभिट्टा र धरान), पर्यटन विकास आयोजना विराटनगर, जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई बिराटनगर र केचना-कंचनजंगा पर्यटन, विकास समिति, इलामको अस्थायी संगठन संरचना र दरबन्दी तेरिज आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत गर्ने।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त "२०८२/०५/२३ र २४ गते जेन्जी पुस्ताद्वारा आयोजित देशव्यापी आन्दोलनबाट प्रभावित कोशी प्रदेश सरकारमा भएको क्षतिको एकीकृत विवरण सहितको प्रतिवेदन" का सम्बन्धमा देहाय बमोजिम गर्ने।

क) प्रतिवेदन बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले सम्बन्धित निकायको समन्वयमा क्षति भएका भौतिक संरचना आवश्यकता र औचित्यताको आधारमा निर्माण वा मर्मतसम्भार गर्ने,

ख) सम्बन्धित निकायले जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने अचल सम्पत्तिको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ बमोजिम लिलाम बिक्री तथा मिनाहा गर्ने गराउने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त "Gen-Z आन्दोलन भाद्र २३ र २४ गतेका क्रममा क्षति भएका मन्त्रालय, निकाय र मातहतका कार्यालयहरुको सवारी साधनहरुको विवरण प्रतिवेदन, २०८२" का सम्बन्धमा देहाय बमोजिम गर्नेः-

क) सवारी साधन क्षति भई सवारी साधनको आवश्यकता भएका निकायहरुले आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गरी सवारी साधन प्राप्त गर्ने र सोको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई अधिकार प्रदान गर्ने।

ख) चालू आर्थिक वर्ष २०८२/८३ मा सवारी साधन खरिद नगर्ने, अत्यावश्यक अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृतिमा मात्र सवारी खरिद गर्न सकिने।

ग) मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन सकिने सवारी साधन सम्बन्धित निकायले नै मर्मत सम्भार गर्ने, विमा वापतको रकम प्राप्त गर्ने, क्षति भएका सवारी साधनको लिलाम विक्री सम्बन्धी कार्य सम्पन्न गर्ने, लिलाम बिक्री भएका सवारी साधनहरूको सम्बन्धित यातायात कार्यालयबाट लगत कट्टा गर्ने।

घ) मन्त्रालय/निकाय/कार्यालयको कार्यवोझ, कार्य प्रकृति, जनशक्ति समेतका आधारमा आवश्यक पर्ने सवारी साधनको संख्या एकिन गरी सम्बन्धित निकायले एक महिना भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गर्ने।

५. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः मिति २०८२ भदौ २३ र २४ गते भएको जेन्जी प्रदर्शनको समयमा यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयमा आगजनी र तोडफोडले भएको क्षति पश्चात

कार्यालयहरूबाट सेवा प्रवाह हुन नसकेको अवस्थामा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ बमोजिम बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने र सो को सूचना राजपत्रमा प्रकाशन गर्ने।

६. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः सवारी चालक अनुमतिपत्र स्वास्थ्य परीक्षण कार्यविधि, २०८२ स्वीकृत गर्ने।

<u>सम्वत् २०८२ साल कार्तिक २४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः</u>

१. सहसचिव, उद्धव प्रसाद रिजाल (कर्मचारी सङ्केत नं. १३९७७३) लाई सामाजिक विकास मन्त्रालयको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

२. सहसचिव, पुष्कर प्रसाद पोखरेल (कर्मचारी सङ्केत नं. १३७६५७) लाई खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

३. सहसचिव, कोश हरी निरौला (कर्मचारी सङ्केत नं. १५८४७२) लाई आर्थिक मामिला तथा योजना मन्त्रालयको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कोशी प्रदेश सभा तथा सचिवालय सञ्चालन गर्न स्थान, भवन र आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने।

५. पर्यटन, वन तथा वातावरण मन्त्रालय: WCCB India and Nepal meeting आगामी ९ डिसेम्बर २०२५ मा West Bengal, India मा हुने बैठक सम्बन्धी कार्यक्रममा सहभागिताका लागि प्रदेश सचिव डा. ईन्द्र प्रसाद सापकोटालाई मनोनयन गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*